स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकार जोडी प्रियंका कार्की र आयुष्मान जोशीले केही वर्षअघि नै छोरीको नाममा फिल्म निर्माण कम्पनी आयाङ्ग फिल्म्स ब्यानरको स्थापना गरेका थिए। यही ब्यानरबाट वेब-सिरिज र छोटा फिल्महरु 'जस्ट अनदर लभस्टोरी', 'वसन्त' लगायतका प्रोजेक्ट बनिसकेका छन्। यही मेसोमा प्रियंका र आयुष्मानले ब्यानरबाट निर्माण भएको छ। १४ मिनेट ४४ सेकेन्डको यो छोटो फिल्मले यतिबेला दर्शकको साथ पाइरहेको छ।

**आजको विचार...**



नेपालको...
(दुई पेजमा)

डिगबहादुर तामाङ



अन्तर्राष्ट्रिय नारी दिवसको अबसर पारेर फिल्म 'टिकारु' निर्माण घोषणा गरिएको छक। भविष्य खड्का फिल्मस् प्रालीको प्रस्तुति तथा थर्ड आइ आदर्स प्रालीको सहकार्यमा यो फिल्म निर्माण हुन लागेको हो। नेपाली समाजमा महिलाले भोग्ने संघर्ष, आत्मसम्मान, अस्तित्व र आत्मनिर्भरताको कथा प्रस्तुत गर्ने उद्देश्यसहित निर्माण हुन लागेको फिल्म शंकर कार्कीले निर्देशन गर्नेछन्। फिल्मले संघर्ष, पराक्रम र नैतिक स्वच्छता कथा उठाउनेछ।

❐ वर्ष ३१ ❐ अंक २२३ ❐ २०८१ फागुन २८ गते बिहीबार 12 March 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### मध्यपूर्व युद्धको असर ऊर्जा आपूर्ति जोखिममा

(रासस/एपी)

**दुबई,** फागुन २७/मध्यपूर्व क्षेत्रमा जारी युद्धका बीच इरानले क्षेत्रीय तेल उद्योग र ऊर्जा पूर्वाधारमाथि दबाब बढाइरहेको छ । यसले विश्वव्यापी ऊर्जा आपूर्ति प्रभावित हुन सक्ने भन्दै अन्तर्राष्ट्रिय स्तरमा चिन्ता बढ्दै गएको छ । बुधबार बिहान इजरायल र इरानबीच पुनः आक्रमण भएको खबर सार्वजनिक भएको छ । यसैबीच इरानले क्षेत्रका तेल उद्योगसँग सम्बन्धित संरचनाहरूलाई लक्षित गर्दै विभिन्न गतिविधि तीव्र बनाएको बताइएको छ । विश्लेषकहरूका अनुसार इरानले यस्तो रणनीति अपनाएर विश्व अर्थतन्त्रमा दबाब सिर्जना गर्दै इजरायल र अमेरिकामाथि आफ्नो सैन्य कारबाही रोक्न दबाब दिन खोजेको हुन सक्छ । इरानले पर्सियन खाडीबाट हिन्द महासागरतर्फ जाने प्रमुख समुद्री मार्ग हर्मुज जलडमरूमा जहाज आवागमनमा प्रभाव पारिरहेको छ । विश्वको करिब पाँच भागमध्ये एक भाग तेल यही समुद्री मार्गबाट ढुवानी हुने भएकाले यस क्षेत्रमा अवरोध हुँदा विश्व ऊर्जा आपूर्तिमा ठूलो असर पर्न सक्ने अनुमान गरिएको छ । बुधबार बिहान ओमानको तट नजिकै हर्मुज जलडमरूमा एउटा कन्टेनर जहाजमा प्रहार हुँदा जहाजमा आगलागी भएको थियो ।


# पाल्पामा आठ हजार भन्दा बढी मत बदर

## २४ उम्मेदवारको धरौटी जफत

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन २७/प्रतिनिधिसभा सदस्य निर्वाचनमा पाल्पामा उल्लेख्य संख्यामा मत बदर भएको पाइएको छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार दुई निर्वाचन क्षेत्र रहेको यहाँ प्रत्यक्ष र समानुपातिक तर्फ बदर मत आठ हजार पाँच सय ४१ रहेको हो ।

मतदाताको उत्साहजनक सहभागिता देखिए पनि बदर मतको संख्याले मतदाता शिक्षा अपेक्षाअनुसार प्रभावकारी हुन नसकेको संकेत गरेको छ । मतपत्रमा सही तरिकाले छाप नलगाउने, एकभन्दा बढी चुनाव चिह्नमा छाप लगाउने, मतपत्रको बीच भागभन्दा बाहिर छाप पर्ने तथा कतिपय अवस्थामा मतपत्रमा ल्याप्चे वा अन्य चिन्ह लगाउने कारणले मत बदर हुने गरेको पाइएको छ । मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिए पनि त्यसको प्रभाव सबै मतदातासम्म समान रूपमा पुग्न नसकेको जिल्ला निर्वाचन कार्यालय पाल्पाका निर्वाचन अधिकारी महेश शर्माले बताए । उनले भने "मतदाता शिक्षाको समय कम, भौगोलिक



विकटताको साथै केही मतदाताले जानी बुझिकनै मतपत्रको गलत स्थानमा स्विस्तिक छाप लगाउनु मत बदर हुनुका कारण हुन् ।" यहाँका दुवै निर्वाचन क्षेत्रमा समानुपातिकतर्फ १ लाख १६ हजार ६ सय १८ मत खस्यो भने प्रत्यक्षतर्फ १ लाख १४ हजार ७ सय ६२ मत खसेको थियो । जसमा आठ हजार पाँच सय ४१ मत बदर भएको निर्वाचन अधिकारी शर्माले बताए । उनका अनुसार प्रत्यक्षतर्फ क्षेत्र नं. १ मा ५१ हजार ८ सय २४ मत सदर भए पनि २ हजार ३ सय ९२ अर्थात् ४ दशमलव ४१ प्रतिशत मत बदर भएको हो । क्षेत्र नं.२ मा ५८ हजार १ सय ४० मत सदर भएकोमा २ हजार ४ सय ६ अर्थात् ३ दशमलव ९७ प्रतिशत मत बदर भएको निर्वाचन अधिकारी शर्माले जानकारी दिए । यस्तै क्षेत्र नं. १ मा समानुपातिकतर्फ ९८ हजार ३ सय ८३ मतदाता रहेकोमा ५४ हजार ८ सय १२ मत खसेको थियो । जसमा १ हजार ९ सय २० अर्थात् ३ दशमलव ५० प्रतिशत मत बदर भएको छ । जहाँ ५२ हजार ८ सय ९२ मत मात्र सदर भएको छ ।-बाँकी अन्तिम पेजमा...

## थाइल्याण्डका भिक्षु लुम्बिनी-रामग्राममा



भैरहवा, फागुन २७/ थाइल्याण्डका करिब ३०० भिक्षुहरु लुम्बिनी-रामग्राम आएका छन् । शान्ति, करुणा र धर्म अभ्यासको सन्देश फैलाउने उद्देश्यले उनीहरु यहाँ आएका हुन् ।

'चारिक थुडोङ बुद्धभूमि' नाम दिइएको उक्त पदयात्रा लुम्बिनीस्थित थाई मन्दिरबाट सुरु भई दुई दिन एक रातको पैदलयात्रापछि रामग्राम पुग्ने कार्यक्रम रहेको छ । पहिलो रात भैरहवास्थित शान्ति बौद्ध गुम्बामा बस्ने र अर्को दिन रामग्राम स्तुप पुग्ने कार्यक्रम रहेको छ । थाइल्याण्डको श्रीसाकेत प्रान्तस्थित 'उद्यान धाम डोंग याङ' बाट आएका भिक्षुहरुको टोलीको नेतृत्व आचार्य चरन अनङ्नोले गरेका छन् । पदयात्राका सहभागीहरु प्रत्येक पाइला सचेतनतासहित हिँड्दै करुणा र मैत्रीभावको अभ्यास गर्ने लक्ष्यका साथ यात्रा गरिरहेका छन् । लुम्बिनीबाट रामग्राम पुगेपछि टोली भारततर्फ प्रस्थान गरी कुशीनगर, वैशाली हुँदै बोधगयासम्म पैदलयात्रा गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

## भार्सेको विद्यालयमा दाताको सहयोगमा कम्प्युटर प्रयोगशाला स्थापना

**गुल्मी,** फागुन २७/गुल्मीका अधिकांश सामुदायिक विद्यालयमा कम्प्युटर शिक्षा सैद्धान्तिक अध्ययनमा सीमित भइरहेको समयमा यहाँको एक विद्यालयमा भने परदेशी दाताहरूको सहयोगमा कम्प्युटर प्रयागेशाला स्थापना गरिएको छ । जिल्लाको सत्यवती गाउँपालिका-८ भार्सेमा रहेको जनसहयोग माध्यमिक विद्यालयमा कम्प्युटसहितको प्रयोगशाला स्थापना गरिएको हो ।

कम्प्युटर प्रयोगशाला स्थापनाका लागि स्थानीय समाजसेवी नरु बुढाथोकीको अगुवाइमा विदेशमा बसोबास गर्ने स्थानीयबाट सात लाख रकम सङ्कलन गरिएको थियो । उक्त रकमबाट २० थान कम्प्युटर खरिद गरी प्रयोगशाला सञ्चालन गरिएको बुढाथोकीले जानकारी दिए । "विद्यार्थी पलायन रोक्ने र गाउँमै प्राविधिक शिक्षा उपलब्ध गराउने उद्देश्यले हामीले अभियान सञ्चालन गरेका थियौँ, अहिले



विद्यालयमा ल्याब सञ्चालनपछि विद्यार्थी पनि निकै उत्साहित बनेका छन्", उनले भने । तीव्र बसाइँसराइका कारण हाल १०९ जना विद्यार्थीमा मात्र सीमित उक्त विद्यालयमा प्राविधिक शिक्षा विस्तार गर्ने उद्देश्यले प्रयोगशाला स्थापना गरिएको विद्यालय प्रशासनले जनाएको छ । विद्यालयका प्रधानाध्यापक लोकहरि पाण्डेले दाताहरूको सहयोगमा कम्प्युटर, नेटवर्किङ, सिसिटिभी जडान तथा कम्प्युटर शिक्षकको व्यवस्था गरिएको बताए । "विद्यार्थीलाई प्रयोगात्मक सिकाइमा जोड्नका लागि कम्प्युटर शिक्षा निकै प्रभावकारी बनेको छ, यसमा विद्यार्थीहरूलाई पनि थप प्रोत्साहित र आकर्षित बनाएको छ", उनले भने । -बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## संसद् भवन छिटो तयार गर

२१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनबाट २७५ सांसद चुनिएर संसद् प्रवेश गर्दै छन् । तर निर्वाचित भएर आएका सांसदको बैठक बस्ने भवनको अझै टुंगो छैन । सिंहदरबारभित्रै संसद् भवन निर्माणाधीन रहे पनि पूरा हुन सकेको छैन । निर्वाचन आयोगले चुनावको अन्तिम नतिजा घोषणा गरेको मितिले ३० दिनभित्र राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्ने सवैधानिक व्यवस्था छ । तर, दुवै प्रणालीबाट निर्वाचित भएर आउने २ सय ७५ जना नवनिर्वाचित सांसदलाई शपथ गराउने तथा प्रतिनिधिसभा बैठक सञ्चालन गर्ने संसद् भवन भने छैन । जेनजी आन्दोलनमा संसद् बस्दै आएको बानेश्वरस्थित भवन जल्न पुगेको छ ।

सिंहदरबारभित्र निर्माणाधीन संसद् भवन पूरै रूपमा तयार हुन सकेको छैन । जसले गर्दा शपथग्रहण समारोह समेत कहाँ राख्ने भन्ने चिन्ता संघीय संसद् सचिवालयलाई परेको छ । यद्यपी निर्माणाधीन संसद् भवनको सम्पूर्ण काम सम्पन्न नभए पनि आगामी प्रतिनिधिसभा बैठक सोही भवनमा सञ्चालन गर्नेगरी आवश्यक तयारी भइरहेको छ । यसअघि संसद् बैठक नयाँ बानेश्वरस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बस्दै आएको थियो । तर भदौ २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा आगजनी भएपछि उक्त भवन पूर्ण रूपमा क्षतिग्रस्त बनेको छ । त्यसपछि सिंहदरबारभित्र निर्माण भइरहेको नयाँ संसद् भवनमै बैठक सञ्चालन गर्नेगरी आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापनको काम अघि बढाइएको छ ।

नयाँ आउने सांसदहरू बस्ने स्थान छैन भन्ने सरकारमा बस्नेहरूलाई पहिल्यै थाहा थियो । र पनि समयअगाडि संसद् भवन बनाउन उच्च प्राथमिकता दिइएन । राष्ट्रपति, प्रधानमन्त्री, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधिसभाका सभामुख, विभागीय मन्त्री र सचिवहरूले पटक-पटक निर्माणाधीन संसद् भवनको निरीक्षण गर्दै आएका थिए । निरीक्षणका क्रममा सबैले काम छिटो सम्पन्न गर्न निर्देशन दिए । संसदीय समितिहरूले पनि बेला-बेलामा अनुगमन गरी निर्माण कार्यलाई तीव्रता दिन आग्रह गर्दै आएका थिए । तर पनि समयमा भवन तयार हुन सकेन । अब छिटो भन्दा छिटो भवन निर्माणको काम सम्पन्न गरी नयाँ सांसदलाई सोही भवनमा राखेर प्रतिनिधिसभा बैठक राख्ने वातावरण बनाउने दिशामा सरकारले गम्भीर भएर ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

भिर नभएको जङ्गल र पिर नभएको
मान्छे हुँदैन ! तिमी किन आत्तिन्छौ ?
*(कमला कुंवरको फेसबुक स्टाटसबाट www.facebook.com/Kamala.Kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको संघीय राजनीतिमा नयाँ राजनीतिक शक्तिको उदय



डिगबहादुर तामाङ

फागुन २१ गते सम्पन्न संघीय निर्वाचनले देशको राजनीतिक संरचना, जनचेतना, र लोकतान्त्रिक अभ्यासमा गहिरो प्रभाव पार्ने खालको परिवर्तनको संकेत दिएको छ । दशकौंदेखि स्थापित दलहरूको वर्चस्वमा सञ्चालन हुँदै आएको राष्ट्रिय राजनीति अहिले एक निर्णायक मोडमा प्रवेश गरेको छ, जहाँ वैकल्पिक नेतृत्वप्रतिको जनआकांक्षा स्पष्ट रूपमा अभिव्यक्त भएको देखिन्छ । विशेषत: नयाँ पुस्ताद्वारा स्थापित राजनीतिक शक्तिहरूको उल्लेखनीय उदयले नेपाली समाजमा परिवर्तनप्रतिको चाहना कति गहिरो छ भन्ने कुरा उजागर गरेको छ । विगत केही वर्षयता देशले राजनीतिक अस्थिरता, सुशासनको अभाव, आर्थिक सुस्ती, र प्रशासनिक जटिलताका कारण निराशाजनक अवस्था भोगिरहेको थियो। भ्रष्टाचार, दुरुपयोग, र नीतिगत अनिश्चितताले नागरिकको विश्वास कमजोर हुँदै गयो । परम्परागत दलहरूले जनअपेक्षाअनुसार सुधार ल्याउन नसकेको अनुभूति मतदातामा गहिरिँदै जाँदा वैकल्पिक नेतृत्वको खोजी अपरिहार्य बन्यो । यही पृष्ठभूमिमा उदाएका नयाँ राजनीतिक शक्तिहरूले जनतामा नयाँ आशा र विश्वास जगाउन सफल भएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले प्रताक्षे तर्फ १२५ सिट जितेर धेरै बर्षपछी इतिहासमा नाम लेख्न सफल भएको छ भने समुपतिक तर्फ ५९ सिट आउने पक्का भएको छ । नयाँ राजनीतिक दलहरूको उदय केवल चुनावी परिणामको विषय मात्र होइनह यो सामाजिक-राजनीतिक चेतनामा भइरहेको रूपान्तरणको द्योतक हो । विशेषत: युवा पुस्तामा देखिएको राजनीतिक सक्रियता, सामाजिक सञ्जालमार्फत फैलिएको राजनीतिक जागरण, र सुशासनप्रतिको तीव्र चाहनाले नयाँ राजनीतिक शक्तिलाई उल्लेखनीय समर्थन प्रदान गरेको छ । प्रत्यक्षतर्फ प्राप्त सिट संख्या र समानुपातिकतर्फ हासिल गरिएको मत प्रतिशतले जनतामा वैकल्पिक नेतृत्वप्रतिको विश्वास कति बढेको छ भन्ने स्पष्ट पार्छ । यद्यपि प्रतिनिधि सभामा उल्लेखनीय उपस्थिति जनाउनु राजनीतिक प्रभावको सूचक हो, तर संविधान संशोधनजस्ता गम्भीर विषयमा भने कुनै पनि एक दलको उपस्थिति मात्र पर्याप्त हुँदैन । नेपालको संविधानले संशोधनका लागि प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवैमा दुई-तिहाइ बहुमतको आवश्यकता राखेको छ । राष्ट्रिय सभामा नयाँ दलहरूको उपस्थिति सीमित भएकाले अन्य दलहरूको सहकार्य अपरिहार्य हुन्छ । प्रदेश संरचना जस्ता संवेदनशील विषयमा त प्रदेश सभाहरूको सहमति समेत आवश्यक हुने भएकाले राजनीतिक सहमतिको दायरा अझै फराकिलो हुनुपर्छ । यसले एउटा महत्वपूर्ण यथार्थ उजागर गर्छ-लोकतान्त्रिक शासन प्रणालीमा परिवर्तन केवल बहुमतको बलमा होइन, सहमति, संवाद, र संस्थागत परिपक्वतामा आधारित हुन्छ । नयाँ राजनीतिक शक्तिले जनताबाट प्राप्त गरेको विश्वासलाई दीर्घकालीन सुधारमा रूपान्तरण गर्न अन्य राजनीतिक शक्तिसँग सहकार्य, समन्वय, र नीतिगत स्थिरता आवश्यक हुन्छ । नयाँ राजनीतिक शक्तिको उदयले पुराना दलहरूलाई पनि आत्ममूल्यांकन गर्न बाध्य बनाएको छ । दशकौंसम्म राजनीतिक नेतृत्वमा रहेको संरचनाले जनअपेक्षाअनुसार सुधार ल्याउन नसकेको आलोचना व्यापक थियो । अब जनताले भावनात्मक भाषणभन्दा बढी व्यवहारिक परिणाम खोजिरहेका छन् । सुशासन, पारदर्शिता, र भ्रष्टाचारविरुद्धको कठोर प्रतिबद्धता अब कुनै पनि दलका लागि विकल्प होइन, अनिवार्य शर्त बनेको छ । यस परिवर्तनले नेपालको लोकतान्त्रिक अभ्यासमा नयाँ ऊर्जा थपेको छ । मतदाता अब केवल चुनावी चक्रमा सीमित नभई निरन्तर राजनीतिक प्रक्रियामा संलग्न भइरहेका छन् । सामाजिक सञ्जाल, नागरिक अभियान, र सार्वजनिक बहसहरूले राजनीतिक नेतृत्वलाई निरन्तर जवाफदेही बनाइरहेको छ । यसले लोकतन्त्रलाई केवल संस्थागत संरचनामा सीमित नराखी नागरिक सहभागितामार्फत सुदृढ बनाइरहेको छ । यद्यपि नयाँ राजनीतिक शक्तिको उदयले आशा र उत्साह जगाएको छ, तर यससँगै चुनौतीहरू पनि उत्तिकै छन् । नयाँ नेतृत्वले जनताबाट प्राप्त विश्वासलाई व्यवहारिक सुधारमा रूपान्तरण गर्न दीर्घकालीन नीतिगत योजना, प्रशासनिक दक्षता, र संस्थागत स्थिरता आवश्यक हुन्छ। भावनात्मक समर्थनलाई स्थायी राजनीतिक आधारमा रूपान्तरण गर्न सुशासन, पारदर्शिता, र परिणाममुखी कार्यशैली अनिवार्य हुन्छ । नेपालको संघीय संरचना, विकेन्द्रीकरण, र प्रदेश सरकारहरूको भूमिकासम्बन्धी बहस पनि नयाँ राजनीतिक शक्तिको उदयसँगै पुन: सक्रिय भएको छ । संघीयता कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरू-स्रोत-साधनको असमान वितरण, प्रशासनिक क्षमता अभाव, र कानुनी अस्पष्टताले प्रदेश सरकारहरूको प्रभावकारितामाथि प्रश्न उठाएका छन् । नयाँ राजनीतिक शक्तिहरूले यी विषयमा वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्ने अपेक्षा गरिएको छ, जसले संघीय संरचनालाई अझै प्रभावकारी बनाउन सहयोग पुऱ्याउन सक्छ । समग्रमा, हालको निर्वाचन परिणाम केवल सिटको गणित मात्र होइनह यो परिवर्तनको संकेत हो । यो नयाँ राजनीतिक चेतनाको उदय हो, जहाँ मतदाता अब सक्रिय, सजग, र उत्तरदायी नागरिकका रूपमा उभिएका छन् । नेपाल अहिले राजनीतिक रूपान्तरणको नयाँ चरणमा प्रवेश गरेको छ, जहाँ भविष्यको दिशा नेतृत्वको क्षमता, जनअपेक्षाप्रतिको संवेदनशीलता, र लोकतान्त्रिक मूल्यप्रतिको प्रतिबद्धताले निर्धारण गर्नेछ । यस परिघटनाले नेपाललाई दीर्घकालीन राजनीतिक स्थिरता, सुशासन, र समावेशी विकासतर्फ उन्मुख गराउने सम्भावना बोकेको छ । तर यो सम्भावना साकार पार्न राजनीतिक नेतृत्वको परिपक्वता, संस्थागत सुधार, र नागरिक सहभागिताको निरन्तरता अपरिहार्य हुने यस परिघटनाले नेपाललाई दीर्घकालीन राजनीतिक स्थिरता, सुशासन, र समावेशी विकासतर्फ उन्मुख गराउने सम्भावना बोकेको छ । तर यो सम्भावना साकार पार्न राजनीतिक नेतृत्वको परिपक्वता, संस्थागत सुधार, र नागरिक सहभागिताको निरन्तरता अपरिहार्य हुनेछ । मैले संविधान २०७२ को अध्ययन गरेको आधारमा भन्नुपर्दा, यसले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा स्थापित गर्दै नागरिकका मौलिक हक, समावेशिता, समानता र सामाजिक न्यायलाई मजबुत बनाएको देखिन्छ । संघ, प्रदेश र स्थानीय तहको त्रि-स्तरीय शासन प्रणालीमार्फत शक्ति विकेन्द्रीकरण गरी जनतासम्म सेवा र निर्णय प्रक्रिया पुऱ्याउने स्पष्ट व्यवस्था गरिएको छ । यद्यपि कार्यान्वयनका केही चुनौतीहरू भए पनि, संविधान २०७२ ले स्थिरता, शान्ति, विकास र समृद्ध नेपाल निर्माण गर्ने आधार तयार गरेको निष्कर्षमा पुग्न सकिन्छ । ***-डिसी नेपाल डटकम***

*प्रदेश संरचना जस्ता संवेदनशील विषयमा त प्रदेश सभाहरूको सहमति समेत आवश्यक हुने भएकाले राजनीतिक सहमतिको दायरा अझै फराकिलो हुनुपर्छ । यसले एउटा महत्वपूर्ण यथार्थ उजागर गर्छ-लोकतान्त्रिक शासन प्रणालीमा परिवर्तन केवल बहुमतको बलमा होइन, सहमति, संवाद, र संस्थागत परिपक्वतामा आधारित हुन्छ । नयाँ राजनीतिक शक्तिले जनताबाट प्राप्त गरेको विश्वासलाई दीर्घकालीन सुधारमा रूपान्तरण गर्न अन्य राजनीतिक शक्तिसँग सहकार्य, समन्वय, र नीतिगत स्थिरता आवश्यक हुन्छ । नयाँ राजनीतिक शक्तिको उदयले पुराना दलहरूलाई पनि आत्ममूल्यांकन गर्न बाध्य बनाएको छ । दशकौंसम्म राजनीतिक नेतृत्वमा रहेको संरचनाले जनअपेक्षाअनुसार सुधार ल्याउन नसकेको आलोचना व्यापक थियो । अब जनताले भावनात्मक भाषणभन्दा बढी व्यवहारिक परिणाम खोजिरहेका छन् । सुशासन, पारदर्शिता, र भ्रष्टाचारविरुद्धको कठोर प्रतिबद्धता अब कुनै पनि दलका लागि विकल्प होइन, अनिवार्य शर्त बनेको छ । यस परिवर्तनले नेपालको लोकतान्त्रिक अभ्यासमा नयाँ ऊर्जा थपेको छ । मतदाता अब केवल चुनावी चक्रमा सीमित नभई निरन्तर राजनीतिक प्रक्रियामा संलग्न भइरहेका छन् । सामाजिक सञ्जाल, नागरिक अभियान, र सार्वजनिक बहसहरूले राजनीतिक नेतृत्वलाई निरन्तर जवाफदेही बनाइरहेको छ ।*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : भावनामा आएर निर्णय नलिनुहोला। आत्मबल र पराक्रममा वृद्धि हुनेछ। | **तुला** : योजनाहरु सफल रहने छन्। आफन्तहरूसँग रमाइलो समय बित्नेछ। |
| **वृष** : सम्बन्धमा सुधार आउनेछ। साथीभाइ र सामूहिक कार्यबाट लाभ प्राप्त हुनेछ। | **वृश्चिक** : कार्यक्षेत्रमा आयस्रोत बढ्नेछ। साझेदारी व्यापारमा पारदर्शिता राख्नुहोस्। |
| **मिथुन** : सोचेका कार्य पूरा हुनेछन्। लगनशीलताले कार्यहरू अगाडि बढ्नेछन्। | **धनु** : धन खर्चको सम्भावना रहेको छ। सामानको जिम्मेवारी स्वयं राखौं। |
| **कर्कट** : राजनीतिक क्षेत्रमा जनताको समर्थन पाइनेछ। योजनाहरू कोरिनेछन्। | **मकर** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। गरेको कार्यको राम्रो प्रतिफल मिल्नेछ। |
| **सिंह** :कामको जिम्मेवारी बढ्नेछ।आर्थिक कार्यमा गरेको प्रयास सफल रहनेछ। | **कुम्भ** : वैदेशिक क्षेत्रबाट शुभ सूचना मिल्नेछ। व्यवसायलाई लिएर यात्रा गर्नुपर्ला। |
| **कन्या** : नयाँ नोकरीमा सफलता पाइनेछ। व्यापारीहरूलाई व्यापारबाट लाभ मिल्नेछ। | **मीन** : कार्यहरू सम्पादन गर्ने समय रहेको छ। सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ। |

# बाल बाटिका

निबन्ध ● महेश मगर

## असल कि सफल बन्ने ?

> *मेधावी विद्यार्थी पछि गएर संसारलाई नै ज्ञानको ज्योति दिने मानिस बन्छ । अल्छी र जुम्सो विद्यार्थीको भविष्यमा अनेकानेक ग्रहण लाग्न सक्छ ।*

हामी विद्यार्थीहरू विद्यालयमा धेरै सपनाहरू बुनेर आएका हुन्छौं । राम्रो पढ्ने र ठूलो मान्छे बन्ने सपना बोकेर आउनु हाम्रो, हाम्रा अभिभावक र हामा नातागोताका मानिसको चाहना नै हुन्छ । एकप्रकारले हामीले सपनाका लश्कर नै ल्याएका हुन्छौं भन्दा अत्युक्ति हुँदैन । विद्यालयमा शिक्षकले सिकाउने र विद्यार्थीहरूले सिक्ने काम गर्दछन् । यो काम संसारका सबैजसो विद्यालयमा हुने गर्छ । एक हिसाबले सबै विद्यालयमा सिकाउने काम भइरहेको हुन्छ तर कुरा यसो मात्रै पनि होइन । कहिलेकाहीं सबै विद्यालयहरूमा प्रतिस्पर्धा पनि चलिरहेको हुन्छ । विद्यालयमा कस्लेभन्दा कस्ले धेरै अङ्क ल्याउने भन्ने होड मात्रै चलिरहेको हुँदैन त्यहाँ सकारात्मक रूपले पढाइलेखाइ पनि चलिरहेको हुन्छ । अहिलेका विद्यार्थीहरूमा परीक्षाका बारेमा एक प्रकारको हाउगुजी रहेको छ । निश्चित समयमा विद्यार्थीले निश्चित अंकका बारेमा लेख्नै पर्ने भन्ने परिपाटीबाट अंकन गर्ने चलन बास्तवमा निकै पुरानो हो । संसारका कतिपय देशमा अहिले परीक्षालाई भन्दा संचित अभिलेख र प्रयोगात्मक कक्षामा विद्यार्थीको कार्य परिणामलाई हेरेर अंक दिइन्छ । परीक्षामा कम मात्रै विद्यार्थीहरूले धेरै अङ्क ल्याउछन् । यसले गर्दा ती विद्यार्थीहरू विद्यालयमा सँधै परिचित हुन्छन् । तर त्यसभन्दा बाहेक विद्यार्थीहरूको पढ्ने र बुझ्न सक्ने क्षमता कम भएको कारणले विद्यालयमा आउनु र जानुबाहेक अन्य विकल्प हुँदैन् । सबै गुरुहरूको दृष्टिमा ती विद्यार्थीहरूले केही पनि गर्न नसक्ने भन्ने भान बुझिन्छ । परीक्षामा बढी अङ्क ल्याउन वा पास हुनु नै सबै कुरा ठानिन्छ । सबै विद्यार्थीहरूको मन भावमा त्यही कुरा परिरहेको हुन्छ । विद्यालयबाट पनि त्यसै किसिमका कुराहरू सुनिन्छ ।

एसएलसीमा फेल भएर आत्माहत्या गरिरहेका समाचारहरू पनि बारम्बार रेडियो, पत्रिकाहरूमा आइरहेका हुन्छन् । यसरी कम अङ्क आउनुमा र उर्त्तीण नहुनुमा ती विद्यार्थीहरूको मात्र गल्ती छैनन् । गल्ती छ -प्रकृतिले दिएको दिमागमा । एसएलसीमा फेल भएका ती विद्यार्थीहरू आफ्नो जीवन नै समाप्त भएको अनुभव गर्दछन् । जस्ले गर्दा उनीहरू सामान्य घटनाले सताइँदा आत्माहत्या जस्तो घृणित काम गर्न बाध्य हुन्छन् । प्रकृतिले सबैलाई दिमाग दिएको हुन्छ तर सबै एकै किसिमका हुँदैनन् । कसैको दिमागले एउटा क्षेत्रमा बढी जान्ने कुरामा जिज्ञासु हुन्छ भने कसैको दिमागले अर्का कुराहरू जान्न इच्छुक हुन्छन् । विद्यालयमा अध्ययन गर्ने कुनै विद्यार्थी पढाइमा तेज हुन सक्छ भने त्यही विद्यार्थी फुटबल खेल्ने चउरमा गोल गर्न असक्षम हुन सक्छ । यदि कुनै विद्यार्थीको समाजिक कार्यमा संलग्न हुनु जाँगरिलो र जोसिलो हुन सक्छ भने उसलाई गणितको सूत्रहरू नआउन सक्छ । कुनै विद्यार्थी सुमधुर लय हालेर गीत गाउन सक्छ भने त्यही विद्यार्थीलाई अंग्रजीको सामान्य व्याकरणको नियम पनि नआउन सक्छ । यसको उदाहरणको निम्ति २०१२ को सी.एन.एन. हिरो पुष्पा बस्नेतलाई लिन सकिन्छ । उनी काठमाडौंको सम्पन्न परिवारमा जन्मेकी थिइन् । उनको पढाइ कमजोर थियो । उनी पढाइमा सँधै असफल हुन्थिन् । उनी एसएलसी परीक्षामा पनि फेल भइन् । यसले गर्दा उनलाई सबैले नराम्रो दृष्टिले हेरिन्थ्यो भने उनी पढाइमा कमजोर भए तापनि समाजिक कार्यमा भने सँधै अब्बल रहिन् । जुन कार्यले गर्दा उनलाई सीएन्एन् हिरोको २०१२ को विजेता बनायो । उनी नेपालमा मात्रै नभएर विश्वभरि नै परिचित भइन् र यति मात्रै नभई नेपाललाई पनि संसारभरि नै चिनाइन् । यसबाट विद्यालयका विद्यार्थीहरू सबै एकैजस्ता देखिए पनि उनीहरूमा निकै अन्तर हुन्छ । एक विद्वान्ले भनेका छन् -'विद्यार्थीहरू सबै बराबरीजस्ता देखिए पनि उनीहरूमा वैयक्तिक अन्तर पनि हुन्छ ।' फुटबलका जादुगर मानिने विश्वविख्यात खेलाडी एवम् ब्राजिलका आदरणीय पेले गरिब परिवारमा जन्मिएका थिए । यदि उनका बुवाले -'तैँले खेल्नु हुन्न, किसानी काम गर्नु पर्छ' भनिदिएको भए सायद् उनी संसारमा चिनिने थिएनन् होला । प्रकृतिले उनलाई पढ्नका निम्ति दिमाग दिएन् तर उनलाई खेल्नका निम्ति दिमाग दियो । उनी आफ्नो भित्री मनको चाहना र इच्छामा सधै लागी रहे र एउटा सफल फुटबल खेलाडी बन्न सफल भए । यो कथा बास्तविक हो । कोरा कल्पनामा आधारित भने पक्कै होइन । हजारौँ सामग्रीहरूको अविष्कार गर्ने थोमस एल्वा एडिसन्ले आफ्नो बाल्यकालमा कहिले राम्रोसँग पढ्न पाएनन् । उनी आफ्नो गुजरा चलाउनका लागि रेलमा काम गरेर हिँड्थे । उनको दिमाग पढइमा होइन् कि विभिन्न सामग्री बनाउन केन्द्रित थियो । पछि गएर उनले मिहेनत गरी हजारौँ सामग्रीका अविष्कार गरे । हामीले घरमा प्रयोग गर्ने १०० बाटका बल्ब उनकै कीर्ति हो । उनको जीवनमा घटेका रोमाञ्चक घट्ना तपाईंहरूको माझ व्यक्त गर्न चाहन्छु । उनले उक्त बल्ब बनाउनका लागि कडा परिश्रम गरेर करिब ९ सय उनान्सय पट्क प्रयोग गरे तर पनि सफल भएनन तर अन्तिम १ हजार पट्कमा भने उनी बल्ब बनाउन सफल भए । उनलाई कुनै पत्रकारले 'तपाईंको ९ सय उनान्सय पल्टको मेहेनत त खेर गयो नि होइन ?' भनेर प्रश्न गर्दा -'उनले मेरो ९ सय उनान्सय पटक गरेको प्रयास खेर गएको होइन । मैले प्रयोग गरेको ९ सय उनान्सयौं तरिकाबाट बल्ब बनाउन सकिँदो रैनछ तर हजार पटकको तरिकाबाट भने बल्ब बल्दो रहेछ' भन्ने कुरा पत्ता लगाएको भन्ने उत्तर दिए । यसरी उनी आफ्नो इच्छा शक्तिमा सँधै आत्मनिर्भर भएर आफ्नो उद्देश्यमा लागिरहे र सफल भए ।ँबतजभच या क्अष्भलअभ मानिने अल्बर्ट आइन्स्टाइन आफ्नो समयमा आफ्नो कक्षामा एक कमजोर विद्यार्थीका रूपमा चिनिन्थे । उनलाई कुनै पनि गणितका हिसाब आउँदैन थिए । यसले गर्दा उनलाई कक्षामा पटमुर्खको नामले शिक्षकले बोलाउने गर्थे । यसरी एक कमजोर विद्यार्थी पछि गएर ँबतजभच या क्अष( भलअभ भनेर संसारभरि चिनिए । आज उनैले आविष्कार गरेको सापेक्षतावादको सिद्धान्तले संसार नै यो गतिमा हिँडिरहेको छ । यसरी प्रकृतिले हामीलाई कुनै क्षेत्रमा प्रतिभावान् बनाइदिएका छन् भने कुनै क्षेत्रमा कमजोर । हामीले आफ्नो प्रतिभालाई चिन्न सक्नु पर्छ । अनि मात्रै हामीले सफलता प्राप्त गर्न सक्छौं । यसो भन्दैमा हामीले आफ्नो पढाइलाई छाड्ने वा विद्यालय नै नआउने भन्ने होइन । हामीले विद्यालयमा धेरै अङ्क ल्याउनका लागि मात्रै नभएर ज्ञान आर्जनका लागि पढ्नु पर्छ । हामी विद्यालयमा आई धेरै अङ्क त ल्याउँछौं तर व्यवहारिक जीवनमा सक्षम, शिक्षित र चेतनशील हुन सकेनौं भने त्यो अङ्कको के महत्व चाहे त्यो अङ्क १०० मा १०० नै किन नआओस् । हामीले कुनै पनि काम सम्पन्न गर्दा कसैको करले होइन कि आफ्नै रहरले गर्नु पर्छ । गुरुले कुनै पनि पाठ पढ्नु भन्नु र आफैं मन लगाएर बिस्तारै पढ्नुमा धेरै फरक पर्छ । यस्मा निहीत रहेको गुह्य कुरा बुझौं अनि मात्रै हामी जीवनमा सफल हुन सक्छौं । जीवनमा सफल हुनाका लागि हामीले निकै बुद्धि पुऱ्याएर काम गर्न सक्यौं भने मात्र त्यो काम फत्ते हुन सक्छ नत्र फत्ते हुन सक्दैन । कोही कसैले कसैलाई प्रेरित गर्न सक्छ तर आफैंले अखण्ड परिश्रम गर्न सकेन भने त्यो मानिसले जीवनमा केही पनि कार्य सफलतापूर्वक गर्न सक्दैन । जीवनमा जेजे काम गरे पनि त्यसको सपना र कल्पना हामीले विद्यार्थी जीवनमै गरेका हुन्छौं । मेधावी विद्यार्थी पछि गएर संसारलाई नै ज्ञानको ज्योति दिने मानिस बन्छ । अल्छी र जुम्सो विद्यार्थीको भविष्यमा अनेकानेक ग्रहण लाग्न सक्छ । संसारका हरेक क्षेत्र उपक्षेत्रका मानिसहरू आफ्नो जमानाका कुनै न कुनै शिक्षालयका विद्यार्थी नै त हुन् । तिनीहरूले कुनै न कुनै गुरुहरूबाट शिक्षा र दीक्षा लिएका हुन्छन् । गान्धी हुन् या गोड्से, मार्क्स हुन् कि माओ, शेक्सपियर हुन् या शेली, मण्डेला हुन् चाहे मिल्टन सबैका एकएक ओटा शिक्षक अवश्य पनि थिए । तिनीहरूले आफ्ना शिष्यलाई अवश्य काउन्सिलिङ् गरेकै थिए होलान् । त्यसो भएरै तिनीहरू गरिमामय इतिहासमा अमर बनेका छन् । कुरो यसो पनि हो । एक विद्वान्ले भनेका पनि छन् -यो संसारको रचना गुरुले गरेका हुन् । कति महान् कुरो छ -यो । बुझ्नेलाई यो कुरा हिमालचुली छ । संसार आफैँमा विशाल छ । असार छ । जसको कुनै सार छैन । विश्व साइकल यात्री पुष्कर शाहले भनेका थिए -'यो संसारका सबै कुरा बुझ्न एक जुनी त के सय जुनी लिएर आए पनि कमै नै हुन्छ । यहाँ अनेक कुरा छन् । विचार छन् । दर्शन छन् । आविष्कार छन् । नयाँनयाँ कला छन् ।' संसार घुमेर आएपछि उनलाई यो बुद्धि आएको हो । यहाँनेर म के भन्छु भने मानिस सफल र असल दुवै हुनु पर्छ । यदि त्यसो भयो भने अब्बल हुन्छ । तर संसारका सबै सफल मानिस असल छैनन् भने सबै असल मानिस सफल पनि भएका छैन । असल र सफल कुन अब्बल हो ? किन ? अर्को प्रयासमा जवाफ खोज्ने जमर्को गरौंला है । हामी असल र सफल हुन माथिका कुरामा मनन गर्नै पर्छ । विद्यार्थी वर्गमा चेतना भया ।*-समकालीन साहित्य डटकम*

लघु-नाटक ● यशोदा अधिकारी

## माटो, नदी र मान्छे

> *गाउँमा पहिरोको जोखिम बढ्न थालेको छ । सुत्राधार: हिजो धान फल्ने खेतमा आज प्रश्नै प्रश्न फलेको छ तैपनि कोही बोल्दैनन् । कोसँग छ यसको जवाफ ? विस्ने: को हुन् यी फेरि ? भावना पोखेर हामीलाई मार्न खोज्ने ? पोहोर परार हालेको औषधिले उब्जनी राम्रो भएन । यसपालि त क्वालिटीको विषादी ल्याएको छु । औषधि नहाले त किराले सबै सिध्याइहाल्छ नि गाँठे ? आमा : ए विस्ने के भनिस् रे ? हेर् ऊ त्यो गाउँका युवाहरूले मलाई यसरी नै घाइते बनाएका थिए । आज गाउँ नै छोडेर खाडीमा पुग्या छन् । तैँले छरेको औषधिले किरा मात्रै मर्दैन, हेर् त (देखाउँदै) मेरो रगत पातलो भइसक्यो । तेरो बाँच्ने आधार अझै मारिबस् मोरा ! मेरो प्वाल परेको मुटु फुटाइदे ! म उसै मरेको छु । रगतपछ्य पारेर मिल्काइदे । तँ म विना बाँच्छस् भने ठिक छ मलाई मर्न गारो हुने छैन आफैँ मरिदिउँला तर मभन्दा पहिला तँ मरिस् भने कसले लेखिदिन्छ नमिठो इतिहास ? नचाहिने सिम्प्याथी देखाइरहनु पर्दैन यार । सक्छस् भने आइज आमुन्नेसामुन्ने भिँड्न ! पिपल : (मञ्चको दाहिनेतिरको कुनाबाट मसिनो आवाजमा बोल्दै निस्कन्छ ) मिठो मिठो खुवाएर चाँडो चाँडो ठूलो बनाएका होलान् भनेको, मार्न पो रहेछ ।*

खेतबारीमा क्रमश: उत्पादन घट्न थालेपछि खेतीकिसानी छोडेर शहरतिर जानेहरू बढेका छन् । खेतीपातीबाट मनग्य उत्पादन गर्नेहरूकै घरमा आजकल खान नपुग्ने अवस्था छ । गाउँमा पहिरोको जोखिम बढ्न थालेको छ ।

सुत्राधार: हिजो धान फल्ने खेतमा आज प्रश्नै प्रश्न फलेको छ तैपनि कोही बोल्दैनन् । कोसँग छ यसको जवाफ ?

विस्ने: को हुन् यी फेरि ? भावना पोखेर हामीलाई मार्न खोज्ने ? पोहोर परार हालेको औषधिले उब्जनी राम्रो भएन । यसपालि त क्वालिटीको विषादी ल्याएको छु । औषधि नहाले त किराले सबै सिध्याइहाल्छ नि गाँठे ?

आमा : ए विस्ने के भनिस् रे ? हेर् ऊ त्यो गाउँका युवाहरूले मलाई यसरी नै घाइते बनाएका थिए । आज गाउँ नै छोडेर खााडीमा पुग्या छन् । तैँले छरेको औषधिले किरा मात्रै मर्दैन, हेर् त (देखाउँदै) मेरो रगत पातलो भइसक्यो । तेरो बाँच्ने आधार अझै मारिबस् मोरा ! मेरो प्वाल परेको मुटु फुटाइदे ! म उसै मरेको छु । रगतपछ्य पारेर मिल्काइदे । तँ म विना बाँच्छस् भने ठिक छ मलाई मर्न गारो हुने छैन आफैँ मरिदिउँला तर मभन्दा पहिला तँ मरिस् भने कसले लेखिदिन्छ नमिठो इतिहास ?

विस्ने : लौ लौ लौ को हँ माथितिर बसेर बकबक गर्ने ? माटोको नि मुटु हुन्छ ? नचाहिने सिम्प्याथी देखाइरहनु पर्दैन यार । सक्छस् भने आइज आमुन्नेसामुन्ने भिँड्न !

पिपल : ( मञ्चको दाहिनेतिरको कुनाबाट मसिनो आवाजमा बोल्दै निस्कन्छ ) मिठो मिठो खुवाएर चाँडो चाँडो ठूलो बनाएका होलान् भनेको, मार्न पो रहेछ । यसै रोगी छु मार । सुइ लाएर भए पनि मलाई बेलैमा चपाइछाड्यौ क्यार ? तिमीलाई पनि चपाउँदैछ नि समयले विचार गरे बाबै !

फट्यांग्रो : मलाई पनि धेरै नहेप है ! सानुको महत्व झन् ठूलो पो हुन्छ त ।

विस्ने: राम राम राम किराफट्यांग्रा, माटो बोटबिरुवादेखि मान्छेसम्मले मैले गरेर खाएको देखिसकेनन् हगि ? आओ आओ सबै मिलेर सिध्याइदेऊ मलाई । सबै मिलेर टाउको खाओ । बजारले वस्तु खोज्छ कि स्वास्थ्य ? नखाइ को बाँच्दो रैछ ? मान्छेले त रिस गर्थे नै, हावा पानी कीटपतंग सबैले मलाई नै गाली गर्छन् । गइदिन्छु कोरियातिर । भाषा परीक्षा पास गर्न पाए कोरियाको खेतीमा काम गरेर टन्नै कमाउँथे । ( खुइया गर्दै) यो पृथ्वीमा कलियुग आएछ । निर्जिवहरू पनि बोल्न थाले । हेर्दै जाओ अब मान्छेहरूको युग सकिन्छ । (परबाट सेतो एप्रोन लगाएर डाक्टर आइरहेका देखिन्छन् ) अहो डाक्टर केटो कताबाट आइपुग्यो ? आउ बस भतिज बस । ए नाति डाक्टर काकालाई मीठो चिया पका भन् त तेरो आमालाई ?

मिनु : बाबु लिनुस् चिया । कताबाट यता पाल्नुभो ?

डाक्टर: घुम्दै आएको भाउजू । स्वास्थ्य चौकीको डिउटी सकेर घरतिर जान लागेको । काका काकीलाई भेटेर जान्छु भनेर यताबाट आएको नि ! भाउजू तपाईंको हातमा के भाको, पूरै कालो छ त ?

मिनु: खै बाबु, बाले सागमा हाल्ने औषधि ल्याउनुभा रैछ, यसो खोलेर छामेको छाला खाइदियो । कस्तो कडा रहेछ ।

डाक्टर : विष्णु काका हेर्नुस् त सागसब्जीमा यस्तो कडा विषादी हाल्नु हुँदैन । त्यस्तो सागसब्जी खाँदा हामीलाई नराम्रो असर गर्छ ।

विस्ने: हैन भतिज यो हामीले खाने होइन नि बेच्नलाई हो !

डाक्टर: बेचे पनि हामीजस्तै अरुको स्वास्थ्यमा हानी गर्छ नि ? माटो बिग्रिन्छ । किरा फट्यांग्राको बाँच्न पाउने अधिकार हनन हुन्छ ।

विस्ने : राम राम बाली खाने किरालाई के को अधिकार ? बजारले वस्तु खोज्छ । स्वास्थ्य हेरेर बस्ने भए भोकै बस्नुपर्छ ।

नदी (छड्छड गर्दै ): हो हो त्यो मान्छेले सागमा हालेको विष मसम्म आइपुग्यो । बिरामी छु । (हँ हँ गरी खोक्दै) स्वच्छ बग्न नसकेको धेरै भो ।

विस्ने : राम राम (टोपी फुकाल्दै ) यो लोक बहुलाइसक्यो पृथ्वी माता ? कि म बहुलाएँ ? कृपा गर प्रभु ! ( ऊ हात जोड्छ )

डाक्टर: पृथ्वी माता तपाईंसँग पुकार माग्दै छिन् । बचाऊ बचाऊ भनेर । उ... सुन्नुभएन ?

प्रान्जल : अँ विषादीले प्रकृतिको सन्तुलन बिग्रन्छ भनेर पढेका थियौं हामीले ।

विस्ने : भारतको विषादी हो । भन्सार छिराउन माननीयकै पावर लगाउनु पर्याथ्यो मलाई । कृषि मन्त्रीले फोन नगरिदिएका भए त पोहोर परारकै हालत हुन्थ्यो । रसायनिक मल पनि उतैबाट ल्याएको छु । क्वालिटीको छ । यहाँ त वडाध्यक्षले हामीलाई पालै दिँदैनन् बरै !

डाक्टर : क्वालिटीकोले त असर पनि क्वालिटीकै गर्छ सर्वत्र । गाइनोको डाक्टर भए पनि यति ज्ञान छ । प्रान्जलतिर देखाउँदै ) बाबुलाई नि थाहा रैछ । सुन्नुभो नि ? छाला जल्ने, एलर्जी हुने, टाउको दुख्ने हुन्छ । अटेर गरेर लामो समयसम्म प्रयोग गर्नुभो भने त क्यान्सर हुन्छ । मृगौला, कलेजो बिगार्छ । महिलाहरूको बच्चा जन्माउने क्षमता घटाउँछ । माटोको त उर्वरा शक्ति नै घटाउँछ । विषादीले नदी खोलाका प्राणीलाई नास गर्छ । मौरी, पुतलीजस्ता नभइ नहुने जीवलाई मार्छ अनि त जैविक सन्तुलन नै बिग्रन्छ ।

विस्ने : के रे के रे ? के भन्छ डाक्टर भैखाको मेरो भतिज ?

डाक्टर : हो काका । पल्लो गाउँमा पहिला कस्तो उब्जनी हुन्थ्यो । अहिले माटो ढुंगाजस्तो भएको छ । त्यो सबै विषादीले नै गर्दा हो । दुईचार बाली लगाएपछि त बारी बिग्रिन्छ काका ! उब्जनी नै हुन छोड्छ ।

प्रान्जल : हामी विष खान्छौ कि खानेकुरा, बुबा ?

विस्ने (एकछिन सोच्दै ): अहो ! मैले खेतबारी मात्रै जोतेको होइन रहेछ । साराको जीवन जोतेको रहेछु ।

माटो : मलाई माया गर । म पनि माया गर्छु ।

पिपल : हामी बाँचे तिमी बाँच्छौ ।

नदी : पहिला मलाई बचाऊ । अनि म तिमीलाई बचाउँछु ।

सुत्राधार : बाँचौ । हामी बाँचौ । बाँच्ने आधारलाई पनि बचाऔँ । प्रकृति शोषण गर्ने ठाउँ होइन । बाँच्ने आधार हो ।

(सबैले हात समातेर माथि उठाउँछन् । मञ्चमा बिस्तारै पर्दा लाग्छ । )

*-साहित्यपोस्ट डटकम*

# सकियो समानुपातिकको मतगणना



**पाल्पा,** फागुन २७/प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतगणना पनि सकिएको छ । अन्तिम मतगणना भएको इलाम क्षेत्र नम्बर १ को बुधबार समानुपातिकतर्फको मतपरिणाम सार्वजनिक भएसँगै मतगणना सकिएको निर्वाचन आयोगले जनाएको छ ।

जसअनुसार १ करोड ७ लाख ६९ हजार ५४३ सदर मत गणना गरिएको छ । फागुन २१ को निर्वाचनबाट चार वर्षअघि गठित राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले अहिलेसम्मकै नेपालका निर्वाचनको इतिहासकै उच्च मतसहित शीर्ष स्थानमा रहेको छ । यसअघिको निर्वाचनको पहिलो दल नेपाली कांग्रेस दोस्रो, नेकपा एमाले तेस्रो, नेपाली कम्युनिष्ट पार्टी चौथो स्थानमा रहेका छन् । जेन-जी आन्दोलनपछि बनेको श्रम संस्कृति पार्टी छोटो अवधिमै पाँचौं स्थानमा रहेर राष्ट्रिय दल बन्न सफल भएको छ । त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपा भने छैटौं स्थानमा झरेको छ । अन्य दलहरुले भने थ्रेस होल्ड कटाउनै सकेनन् । आयोगका अनुसार निर्वाचनमा भाग लिएकामध्ये ५१ दलले थ्रेस होल्ड (संसद्मा प्रतिनिधित्वका लागि राजनीतिक दलले ल्याउनुपर्ने न्यूनतम मतको सीमा) भन्दा कम मत प्राप्त गरेका छन् । समानुपातिक प्रणालीतर्फ संयुक्त निर्वाचन चिह्नसहित कूल ५७ दलले भाग लिएकामा छ दलले संसद्मा प्रवेश पाउने अवस्था देखिँदा ५१ दलले न्यूनतम मत सीमा कटाएका छैनन् । समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत खसेको मतमध्ये कुल सदर मतको कम्तीमा तीन प्रतिशत प्राप्त गरेका दललाई मात्रै सिट बाँडफाँट गरिने व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ । मतगणना सकिएसँगै आयोगले दलहरूलाई समानुपातिक सिट संख्या तोकेर दिने छ । आयोगले दलहरूलाई आफ्नो क्लस्टरअनुसार पाएको उम्मेदवारको नाम पठाउन आग्रह गरेको छ । समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्था रहेको छ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्नेछन् ।

## पाल्पामा आठ हजार...

...यसैगरी क्षेत्र नं. २ मा समानुपातिकतर्फ १ लाख १० हजार ९ सय ७६ मतदाता रहेकोमा ६१ हजार ८ सय ६ जनाले मात्र मतदान गरे । जसमा १ हजार ८ सय १४ अर्थात् २ दशमलव ९३ प्रतिशत मत बदर हुन पुगेको निर्वाचन अधिकारी शर्माले जानकारी दिए । जहाँ ५९ हजार ९ सय ९२ मत मात्र सदर भएको छ ।यस्तै प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत पाल्पाका दुई वटा निर्वाचन क्षेत्रका २४ जना उम्मेदवारको धरौटी जफत भएको छ । कुल सदर मतको १० प्रतिशतसम्म मत प्राप्त गर्न नसकेपछि उनीहरूको धरौटी जफत भएको जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी महेश शर्माले बताए । यहाँको क्षेत्र नं. १ बाट १४ जना उम्मेदवार मध्ये ३ जनाले मात्र जमानत जोगाएका छन् । नेपाली काँग्रेसका उम्मेदवार सन्दीप राना, नेकपा एमालेका उम्मेदवार नारायण प्रसाद आचार्य र राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विमल पन्तले जमानत जोगाउन सफल भएको निर्वाचन कार्यालयले जनाएको छ । यहाँ ११ जना उम्मेदवारको जमानत भने जफत भएको हो । यस्तै क्षेत्र नं. २ मा पनि ३ जना उम्मेदवारले मात्र जमानत जोगाएका छन् भने १३ जना उम्मेदवारको जमानत जफत भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार डा. माधव थापा, नेपाली काँग्रेसका उम्मेदवार हिमालदत्त श्रेष्ठ र नेकपा एमालेका उम्मेदवार ठाकुर प्रसाद गैरेले मात्र जमानत जोगाएको निर्वाचन कार्यालयले जनाएको छ । अन्य १३ उम्मेदवारहरुको भने जमानत जफत भएको छ । उम्मेदवारले मनोनयन दर्ता गर्दा १० हजार धरौटी जमानत बुझाएका थिए । यहाँ २४ जना उम्मेदवारको धरौटी जफत हुँदा कुल २ लाख ४० हजार रुपैयाँ राजस्व संकलन भएको निर्वाचन कार्यालयले जनाएको छ । धरौटी जोगाउन सफल भएका उम्मेदवारलाई भने प्रक्रिया पुर्‍याएर माग गरेमा धरौटी रकम फिर्ता हुने छ ।

## भार्सेको विद्यालयमा...

...ल्याब स्थापना अभियानमा अवकाश प्राप्त ब्रिटिस आर्मीका लेफ्टिनेन्ट तथा हाल हङकङ निवासी कुलबहादुर बुढाथोकीको मुख्य भूमिका रहेको छ । प्रविधिसँग जोडिएको शिक्षा वर्तमान आवश्यकता भएको बताउँदै बुढाथोकीले गाउँको विद्यालयका लागि आफूहरूले सक्दो सहयोग गरेको उल्लेख गरे । "वर्तमान अवस्थामा गाउँमा गुणस्तरीय शिक्षाको आवश्यक छ, त्यसका लागि प्रविधिको पनि ज्ञान हुनु अनिवार्य हुन्छ भन्ने मान्यतालाई आत्मसात् गरेर सहयोग गरेका हौं", उनले भने । कम्प्युटर कक्षामा सहभागी विद्यार्थीहरूले प्रत्यक्ष रूपमा कम्प्युटर चलाउन पाउँदा आफूहरू निकै उत्साहित भएको बताएका छन् । कम्प्युटर सिकिरहेका कक्षा ६ की विद्यार्थी विनिता नेपालीले सानै कक्षाबाट विद्यालयमा कम्प्युटर सिक्न पाउँदा खुसी लागेको भन्दै यसले आफ्नो अध्ययनमा पनि निकै सहज बनाएको बताइन् । विद्यालय प्रशासनका अनुसार विद्यार्थीलाई पालैपालो प्रयोगात्मक सिकाइमा सहभागी गराइएको छ । भार्से जनसहयोग माध्यमिक विद्यालय जिल्लाकै सबैभन्दा पुरानो विद्यालयअन्तर्गत पर्दछ । उक्त विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थीहरू जनजाति समुदायका रहेका छन् । ---*रासस*

खेलकुद समाचार

## महिला फुटबल टोलीका थप दुईलाई शरण दियो




**काठमाडौं,** फागुन २७/अस्ट्रेलिया सरकारले इरानी महिला फुटबल टोलीका थप दुई सदस्यलाई शरण दिएको छ । सुरक्षा कारण देखाउँदै घर फर्किन नसकेका एक खेलाडी र कर्मचारीलाई मानवीय भिसा प्रदान गरेको अस्ट्रेलियाका गृहमन्त्री टोनी बर्कले बताएका छन् । यसअघि सरकारले हिजो पाँच इरानी महिला फुटबल खेलाडीलाई शरण दिएको थियो । एशियन कपबाट बाहिरिएपछि इरानी महिला फुटबल टोलीका सदस्यहरू घर फर्कनुपर्ने थियो तर गएको हप्ता दक्षिण कोरियासँगको खेलअघि टोलीले राष्ट्रिय गान गाउन अस्वीकार गरेपछि समर्थकहरूले उनीहरूको सुरक्षाका लागि चिन्ता व्यक्त गरेका थिए । यो घटनापछि इरानभरि आलोचना बढेको छ । एक रूढिवादी टिप्पणीकारले टोलीलाई युद्धकालीन देशद्रोही भएको आरोप लगाउँदै कठोर सजायका लागि जोड दिएका छन् । अस्ट्रेलियाको मानवीय भिसा कार्यक्रमले शरणार्थी र मानवीय आवश्यकतामा परेका मानिसहरूलाई स्थायी सुरक्षा प्रदान गर्दछ । त्यस्तो भिसा भएकाहरूले अस्ट्रेलियामा बस्न, काम गर्न र अध्ययन गर्न सक्छन् ।

**वर्गिकृत डिस्प्ले**

**१X५ साइजमा मात्र**

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## हाइड्रोपावरको आईपीओ खुल्यो




**काठमाडौं,** फागुन २७/हाइड्रोपावरको आइपीओ खुलेको छ । टक्सार पिखुवा खोला हाइड्रोपावर कम्पनीले प्राथमिक सेयर (आईपीओ) खुलाएको हो ।

कम्पनीले आयोजना प्रभावित स्थानीय र वैदेशिक रोजगारमा रहेकालाई बुधबारदेखि आईपीओ निष्कासन गरेको छ । उसले ४२ लाख ३० हजार ६६८ कित्ता सेयर निष्कासन गर्ने अनुमति पाएको थियो । जुन १ अर्ब २० करोड रुपैयाँ पूँजीको ३५.२६ प्रतिशत हो । निष्कासन तथा बिक्री प्रबन्धकमा प्रभु क्यापिटल रहेको छ । जसमध्ये १२ लाख कित्ता आयोजना प्रभावित स्थानीयका लागि निष्कासन हुन लागेको हो । सो सेयर खरिदका लागि भोजपुर जिल्लाका स्थानीयबासीले आवेदन दिन सक्नेछन् । त्यस्तै ३ लाख ३ हजार ६७ कित्ता साधारण सेयर वैदेशिक रोजगारमा रहेकालाई निष्कासन गर्न लागेको छ । न्यूनतम १० कित्ताका लागि आवेदन दिनुपर्नेछ भने अधिकतममा ५० हजार कित्ताका लागि आवेदन दिन सकिनेछ । आयोजना प्रभावित क्षेत्रका बासीले छिटोमा चैत ११ गतेसम्म र ढिलोमा २६ गतेसम्म आवेदन दिन सक्नेछन् । त्यस्तै वैदेशिक रोजगारीमा रहेकाले छिटोमा चैत १ गते र ढिलोमा चैत ११ गतेसम्म आवेदन दिन सक्नेछन् । कम्पनीले केयर रेटिङ नेपालबाट बीबी रेटिङ पाएको छ कम्पनीले ८ मेगावाटको टक्सार पिखुवा खोला जलविद्युत आयोजना सञ्चालन गरेको छ । जसको प्रतिमेगावाट लागत २३ करोड ५३ लाख रुपैयाँ छ । आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि ९.१७ वर्ष रहेको छ भने डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि १८.३७ वर्ष रहेको छ । प्रभावितले आयोजना कार्यालय, भोजपुर, प्रभु बैंकको भोजपुर, प्याउली, हटुवागढी र सिटिजन्स बैंकको भोजपुर शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन् । वैदेशिक रोजगारमा रहेकाले अनलाइन प्रणाली मेरोसेयरमार्फत आवेदन दिन सक्नेछन् ।

## शिक्षासम्बन्धी सवैधानिक हक

-प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ ।

-प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यामिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ ।

-अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरि कलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

-ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ ।

-प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

शिक्षासम्बन्धी हकको उपयोग गरौं। नि:शुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई